# बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०७७/०४/२३*

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स.२०७७/०७८ च.न. २३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस बलेफी गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग भए बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यलयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २०७७/०७८ -१ | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौं तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता अनुभव :-**

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र वा ओभरसियर वा डिप्लोमा तह उर्विण भएको ।

ख) अनुवभ र सीप प्राविधिक सहायकमा देहायका अनुवभ र सीप आवश्यक पर्नेछ ।

- कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्यूटर सीप भएको ।
- पूर्वधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध लक्ष्य र परिणाम हासिल कम्तिमा ६ महिनाको अनुभव भएको ।

ग) **उमेर :-** कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. **दरखास्त दिने स्थान** :- बलेफी गाउँपालिकाको कार्यालय, बलेफी

३. **दरखास्त दिने अन्तिम मिति** :- २०७७/०५/०५ गते शुक्रबार दिउँसो ३:०० बजेसम्म

४. **आवेदनको दस्तुर :-** १०००/-

५. **छनौट किसिम :-** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. **आवेदनका साथ संलग्न कागजातहरु :-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नागरिकता
- न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

७. **सेवा सुविधा :-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. **पदले सम्पादित गर्नुपर्ने कार्य विवरण** :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा ९ बमोजिम हुनेछ ।

***नोट : आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी यस गाउँपालिकाको आधिकारीक वेब साइड balephimun.gov.np मा उपलब्ध छ ।***

**प्रमुख प्रशासकीय अधिकृत**

मिति 20७७/08/23 गतेको राजधानी दैनिकमा प्रकाशित सूचना